रामग्राम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लुम्बिनी प्रदेश, नेपाल

परासी, नवलपरासी (ब.सु.प)

५ नं. प्रदे.

---

## ताल, पोखरी र घोला ठेक्काको खुल्ला डाक बढाबढ सम्बन्धी

## सूचना ! सूचना !! सूचना !!!

(प्रथम पटक प्रकाशित मिति: २०७७/०६/२३ गते)

रामग्राम नगरपालिकाको अधिकार क्षेत्र तथा भोग चलनमा रहेको पोखरीहरु माछा पालन गरी आय आर्जनको लागि ठेक्कामा बन्दोवस्त गर्नु पर्ने भएको हुदा रामग्राम नगरपालिकाको आर्थिक ऐन २०७७ तथा सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम तपसिलको शर्तहरु मन्जुर गरी खुल्ला डाक बढाबढ प्रतिस्पर्धामा भाग लिन ईच्छुक व्यक्ति, फर्म, संघ संस्था तथा अन्य सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

***शर्तहरु***

१. पोखरी ठेक्का लिन इच्छुक व्यक्ति, फर्म र संघ संस्थाले यो सुचना प्रकाशन भएको मितिले १५औं दिन सम्म कार्यालय समय भित्र आ-आफ्नो पायक पर्ने सम्बन्धित वडा कार्यालयमा गई आफुले डाक बढाबढमा भाग लिन इच्छुक सिलसिलेवार पोखरीको नामको आधारमा तोकिएको न्यूनतम ठेक अंकको (नेपाली नागरिक भए ५ प्रतिशत र गैर नेपाली नागरिक भए १० प्रतिशत) धरौटी रकम राखी डाक बढाबढंको लागि नामं दर्ता गराउनु पर्ने छ । नगरपालिकाले डाक बढाबढको लागि तोकेको मिति, समय र स्थानमा वडा कार्यालयमा नाम दर्ता गराएका सम्बन्धित व्यक्ति, फर्म र संस्था एवं कार्यालय प्रतिनिधीहरुको रोहवरमा डाकवढाबढको कार्य हुनेछ । डाक बोल्ने क्रम निजले जुन क्रममा धरौटी राखेको छ सोही क्रममा कायम हुने छ । डाक बढाबढमा भाग लिने इच्छुक व्यक्ति, फर्म र संस्थाहरु वडा कार्यालयमा नाम दर्ता गराउन छुट भएमा निजले नगरपालिकाले तोकेको मिति, समय र स्थानमा आई नाम दर्ता गराई डाक बढाबढमा भाग लिन सक्ने छ ।

२. प्रत्येक पोखरीको डाक बढाबढको समयावधि पहिलो चरणमा बढीमा ३० मिनेटको हुने छ । एक जनाले डाक बोली सकेपछि अर्को डाक बोल्ने ब्यक्तिले ३० सेकेण्डमा आफ्नो डाक बोली सक्नु पर्ने छ । उक्त तोकिएको समयावधि भित्र डाक नबोलेमा डाक बोल्ने क्रमको अर्को ब्यक्तिको पालो हुने छ, एवं रीतले ३० मिनेट सम्म पहिलो चरणको डाक वढाबढ हुने छ । पहिलो चरणको डाक बढाबढको समय अभाव भएको अवस्थामा डाक बढाबढ कार्यमा कार्यालयबाट खटिएका टोली र डाक बढाबढमा भाग लिन आएका सेवाग्राही विच आपसी समझदारी कायम गरी आवश्यक समयावधि थप गरी पुन: दोश्रो चरणको लागि डाक बढाबढ गराईने छ । सो अवधि भित्र डाक बढाबढमा जस्को कबोल रकम सब भन्दा बढी हुन्छ सोही रकमलाई अन्तिम रकम मानिने छ ।

३. डाक बढाबढ गर्दा प्रत्येक अघिल्लो डाकवालाको कबोल अंक भन्दा कम्तीमा रु. १,०००।०० (एक हजार मात्र) भन्दा कम वा एकै पटकमा बढीमा रु. १०,०००।०० (अक्षरेपी रु. दश हजार मात्र) भन्दा बढी डाक रकम थप गरी बोल्न पाईने छैन ।

४. प्रत्येक पोखरीको २ वर्ष ६ महिनाको न्युन्तम कबोल अंक तपसिलमा उल्लेख गरिएको छ । सोमा लाग्ने अन्य कर, दस्तुर, शुल्क सम्पुर्ण ठेक्का लिने ठेकेदारले नै बुझाउनु पर्ने छ ।

५. डाक बढाबढ गर्दा प्रत्येक पटकको बोलीमा धरौटी स्वरुप नेपाली नागरिक भए कबोल अंकको ५ प्रतिशत र विदेशी नागरिक भएमा कबोल अंकको १० प्रतिशत रकम नगद राख्नु पर्ने छ । डाक स्विकृत भएको व्यक्ति सहित क्रमश: दोश्रो र तेश्रो स्थानको डाकवालाको धरौटी रकम पोखरीको सम्झौता नभए सम्मको लागि राखिने छ । सम्झौता भई सके पछि मात्र धरौटी फिर्ता दिनु पर्नेलाई नियमानुसार फिर्ता दिईने छ ।

६. पोखरी ठेक्काको स्विकृत कबोल रकम ३ (तीन) किस्तामा बुझाउनु पर्ने छ । पहिलो किस्ता र वार्षिक किस्ता वराबरको जमानत वापतको रकम अग्रीम रुपमा बुझाई सकेपछि मात्र १ (एक) वर्ष म्याद भएको पट्टा चलन पुर्जी दिईने छ । आउने वर्षको लागि पट्टा चलन पुर्जी नविकरण गर्नकोलागि चालु वर्षको चैत्र मसान्त भित्र थप अर्को किस्ताको रकम अग्रीम रुपमा बुझाएमा मात्र पुन: १ (एक) वर्ष म्याद थप हुने छ ।

७. माछा ठेक्काको वर्षको गणना प्रत्येक वर्षको वैशाख महिना देखि चैत्र मसान्त सम्मलाई कायम गरिएको छ । चालु वर्ष खण्डित वर्ष हुने भएको हुदा अर्थात चालु वर्ष २०७७ कार्तिक महिनामा संझौता भएको मिति देखि चैत्र मसान्त सम्म हुने भएको हुदा सोको लागि २ वर्ष ६ महिनाको कबोल अंकलाई आधार मानी सोही रकमलाई गणना गरी दामासाहीले हुन आउने रकमलाई पहिलो वर्षको किस्ता रकम कायम गरिने छ तर अग्रिम बुझाउनु पर्ने रकम भने वार्षिक किस्ताको रकम अर्थात १ वर्षकोलागि कायम हुने पुरा किस्ता रकमनै बुझाउनु पर्ने छ ।

८. तोकिए बमोजिमको किस्ता रकम नबुझाएमा सम्बन्धित पोखरीको लागि अग्रीम एक किस्ताको रकम वराबर राखिएको जमानत वापतको रकम जफत गरी ठेक्का रद्द गरी बाकी अवधिकालागि अर्को ठेक्का बन्दोवस्त गरिने छ ।

९. ठेक्का रकम एकमुष्ठ बुझाउनेलाई १० प्रतिशत छुट दिईने छ ।

१०. डाक बढाबढको दिन विदा परेमा पनि तोकिएको समय, स्थानमा डाक बढाबढको कार्य गरिने छ ।



२०७७/६/२३

राजेश पन्थी

प्रमुख प्रशासकिय अधिकृत

रामग्राम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लुम्बिनी प्रदेश, नेपाल

परासी, नवलपरासी (ब.सु.प)

११. डाक स्वीकृत भई जानकारी पाएको मितिले ७ (सात) दिन भित्र संझौता गर्न नआएमा स्वत: धरौटी जफत भई जानेछ र पुन: नियमानुसार ठेक्का बन्दोवस्त गर्न नगरपालिका लाई बाधा पर्ने छैन ।

१२. पोखरीको मौजुदा अवस्था आफै गई हेर्न वा विस्तृत जानकारीका लागि पोखरी भएको स्थानको वडा तथा गाउमा गई जानकारी लिन सकिने छ ।

१३. कुनै कारण खोली वा नखोली पोखरी ठेक्का दिने वा नदिने सम्पुर्ण अधिकार रामग्राम नगपालिकामा सुरक्षित रहने छ ।

१४. रामग्राम नगरपालिकाबाट प्रत्येक वर्ष पोखरी मर्मत गर्ने कार्यक्रम रहेको हुदा जुन वर्ष जुन पोखरी मर्मत गर्नु पर्ने हो सोको जानकारी नगरपालिकाले प्रत्येक वर्षको माघ महिना भित्र सम्बन्धीत ठेकेदारलाई जानकारी गराउने छ र निज ठेकेदारले उक्त पोखरी फाल्गुन महिना भित्रै खाली गर्नु पर्ने छ । ठेकेदारले चैत्र र बैशाख दुई महिनाको अवधि भरी पोखरी खाली राखी मर्मत संभार कार्यमा सहयोग गर्नु पर्ने छ । उक्त कार्य गर्दा ठेकेदारलाई नगरपालिकाबाट कुनै छुट, मिनहा, क्षतिपुर्ती र म्याद थप दिइने छैन ।

१५. ठेक्का अवधि भरिमा पोखरीमा कुनै पनि कारणले हुन गएको क्षती वापतको रकम क्षतीपुर्ति भनेर ठेकेदारलाई कुनै किसिमको छुट, मिनहा, वा म्याद थप दिईनेछैन । तर नेपाल सरकारले त्यस्तो क्षतीको क्षतिपुर्ति दिन कुनै किसिमको कार्यक्रम संचालन गरेको भए सोको लागि ठेकेदारले सिफारिस माग गरेमा सम्बन्धित निकायमा सिफारिस गर्न भने नगरपालिकालाई बाधा पर्ने छैन ।

१६. प्राकृतिक प्रकोप बाहेक कृषि लगाएत सामाजिक कार्यमा पोखरीको पानी प्रयोग गर्नु पर्ने अवस्था आएमा सम्बन्धित ठेकेदारको समन्वयमा पोखरीको पिधको भुईं सतह देखी ४ चार फिट पानी माछा पालनको लागि संचीत (सुरक्षित) राखी सो भन्दा बढी रहेको पानी मात्र प्रयोग गर्न सकिने छ ।

१७. अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

२०७७।६।१२

राजेश पन्थी
प्रमुख प्रशासकीय अधिकृत

| क्र.स | ठेक्का को नाम | ठेगाना | अवधी बर्षमा | आर्थीक बर्ष २०७७/७८ को लागी प्रस्तावित रकम | समय तालिका |
|---|---|---|---|---|---|
| १ | पुर्नहवा पोखरी | १७ | २.५ | ११८८००/०० | डाक बढाबढको लागी मिति ~~२०७७।०६।२~~ २०७७।०७।०२ गते दिनको ११ बजे १७ नं वडा कार्यालयमा |
| २ | बेलहिया पोखरी | १७ | २.५ | १४३००/०० | |
| ३ | पुनरहिया पोखरी | १७ | २.५ | १०४५००/०० | |
| ४ | देवगाउँको पोखरी | १७ | २.५ | ६७८७०/०० | |
| ५ | शिवालय पोखरी | १७ | २.५ | ८२२८०/०० | |
| ६ | ताल पोखरी | १७ | २.५ | १२७६००/०० | |
| ७ | कदमहीया पोखरी | १७ | २.५ | ७७०००/०० | |
| ८ | पिडुरा पोखरी घोला | १७ | २.५ | १४३००/०० | |
| ९ | वगहीया पोखरी | १७ | २.५ | १७९३०/०० | |

२०७७।६।१२

राजेश पन्थी
प्रमुख प्रशासकिय अधिकृत

रामग्राम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

परासी, नवलपरासी (बं.सु.प)

| | | | | | |
|---|---|---|---|---|---|
| १० | मटखन्ना उत्तरारी पोखरी | १६ | २.५ | ४४००/०० | डाक बढाबढको लागी मिति २०७७।०८।१३ गते दिनको ११ बजे १९ नं वडा कार्यालयमा |
| ११ | बसहिया पोखरी | १६ | २.५ | ३४१००/०० | |
| १२ | अमलहवा पोखरी | १६ | २.५ | ४४००/०० | |
| १३ | पुर्वारी पोखरी | १६ | २.५ | १६६१००/०० | |
| १४ | उत्तरारी पोखरी | १६ | २.५ | ३७४०/०० | |
| १५ | धुनियानी पोखरी | १६ | २.५ | ६७१००/०० | |
| १६ | मटिहियन पोखरी | १६ | २.५ | ४४००/०० | |
| १७ | कहरौटी पोखरी | १६ | २.५ | २७५०/०० | |
| १८ | बेलोहा पोखरी | १६ | २.५ | ८३६००/०० | |
| १९ | सेरबईया पोखरी | १६ | २.५ | ६३८०/०० | |
| २० | टोल पोखरी | १६ | २.५ | ४४००/०० | |
| २१ | बहत्तर पोखरी | १६ | २.५ | ४४००/०० | |
| २२ | छट मईया | १६ | २.५ | ६३८०/०० | |
| २३ | केवटीन पोखरी | १६ | २.५ | १६५००/०० | |
| २४ | करबालयि पोखरी | १६ | २.५ | २७५००/०० | |
| २५ | बेलहीया पोखरी | १६ | २.५ | ४४००/०० | |
| २६ | अमरौट महिला पोखरी | १४ | २.५ | २८६००/०० | डाक बढाबढको लागी मिति २०७७।०८।०४ गते दिनको ११ बजे वडा नं १४ को कार्यालयमा |
| २७ | रक्सहवा पोखरी | १४ | २.५ | ६७१००/०० | |
| २८ | अमरौट पोखरी | १४ | २.५ | ८३६००/०० | |
| २९ | गोइजहीया | १० | २.५ | २२००/०० | डाक बढाबढको लागी मिति २०७७।०८।०५ गते दिनको ११ बजे रामग्राम नगरकार्यपालिकाको कार्यालयमा |
| ३० | वावली पोखरी | १० | २.५ | २२००/०० | |
| ३१ | लोहरीया पोखरी | ७ | २.५ | १२१००/०० | |
| ३२ | देउरवा पोखरी | ७ | २.५ | २८०५०/०० | |
| ३३ | घोवाहा पोखरी | ७ | २.५ | १२६५०/०० | |

२८६६१६१२३

**राजेश पन्थी**

प्रमुख प्रशासकिय अधिकृत